चिचिला गाउँपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ९ सङ्ख्याः २ मितिः २०८२/०१/०८

**भाग-२**

**चिचिला गाउँपालिकाद्वारा प्रकाशित**

## कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/०५
प्रमाणीकरण मितिः २०८१/०१/०७
प्रकाशन मितिः २०८२/०१/०८

चिचिला गाउँपालिका

**प्रस्तावनाः** गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवम् समपूरक अनुदानका साथै गाउँपालिकाले वार्षिक रूपमा स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरूबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवम् मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कन्टिन्जेन्सी रकम" भन्नाले सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १०(७), १२(४) र चिचिला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३(४) बमजिम कट्टा गरेक कन्टिन्जेन्सी रकम सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले चिचिला गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग)

३. **उद्देश्यः** कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी खर्चबापतको रकमलाई पारदर्शी र विधिवत रूपमा खर्च गर्नु ।

(ख) दफा ५ मा उल्लेखित क्षेत्रहरूमा मात्र कन्टिन्जेन्सी बापतको रकम खर्च गर्नु ।

(ग) कन्टिन्जेन्सी बापतको रकमलाई एकीकृत रुपमा लगत राखी सोको योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्नु ।

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्नु ।

(ङ) कन्टिन्जेन्सी बापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्नु आदि ।

४. **कन्टिन्जेन्सी रकमको व्यवस्थाः** कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम कन्टिन्जेन्सी तथा मर्मत सम्भारको लागि सुरुमै लागत अनुमान तयार गरिनेछः-

(क) तीन लाखसम्म विनियोजन भएको योजनाको हकमा तीन प्रतिशत ।

(ख) तीन लाखभन्दा बढी बीस लाखसम्म विनियोजन भइको योजना दुई दशमलव पाँच प्रतिशत ।

(ग) बीस लाखभन्दा माथि जतिसुकै विनियोजन भएको योजना भए तापनि दुई प्रतिशत ।

(घ) सशर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधि वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टी गरिनेछ ।

५. **लागत अनुमानको तयारीः** दफा ४ को खण्ड (क), (ख) र (ग) बमोजिम कन्टिन्जेन्सी कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शत प्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

६. **कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरूः** (१) योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँ कार्यपालिकाले देहायका शीर्षकहरूमा मितव्ययी, पारदर्शी ढङ्गले खर्च गर्न सकिनेछः-

(क) योजना अनुगमन तथा सुपरीवेक्षण मूल्याङ्कन जाँचपास तथा प्रतिवेदन सम्बन्धी खर्च एवम् योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा तथा खाना खर्च ।

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामग्रीहरू ।

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च ।

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरू ।

(ङ) गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्रहरू ।

(च) लेखापरीक्षण सम्बन्धी खर्च ।

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/ उपभोक्ता समिति गठन अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम खर्च ।

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण कार्यक्रममा भएको यातायात खर्च ।

(झ) स्थानीय तह वा अन्य निकायहरूका योजना तथा कार्यक्रमका असल अभ्यासका सिकाई अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च ।

(ञ) योजनासँग सम्बन्धित सामाजिक परिचालन खर्च ।

(ट) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च ।

(ठ) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च ।

(ड) गाउँपालिकाको कामलाई सहज, व्यवस्थित, पारदर्शी तथा मितव्ययी बनाउनका लागि आवश्यक पर्ने विभिन्न परामर्श सेवा खरिद ।

(ढ) विवाद समाधान (अदालत, मध्यस्थता लगायत) सम्बन्धी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कन्टिन्जेन्सी रकम बापतको रकमको ०.५ प्रतिशत रकम गाउँपालिकाको मर्मत सम्भार कोषमा जम्मा गर्नु पर्नेछ ।

७. **<u>कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः</u>** योजना तथा कार्यक्रमको कूल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ प्रतिशत र पूँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

८. **<u>बजेट फ्रिज सम्बन्धी व्यवस्थाः</u>** आर्थिक वर्षको अन्तमा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम हुनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य तहहरूको सशर्त अनुदान अन्तर्गतको फ्रिज हुने भनी तोकेको सबै प्रकारका अनुदानको कन्टिन्जेन्सी रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा

कम्तिमा ३ (तीन) दिन अगावै भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नु पर्नेछ ।

(ख) आर्थिक वर्षको अन्त्यमा खर्च नभई मौज्दात रहेको कन्टिन्जेन्सी रकम सञ्चित कोषमा दाखिला गरिनेछ र आगामी आर्थिक वर्षको लागि अनुसूची-१ बमोजिमको कार्ययोजना तयार गरी खर्च गर्न सकिनेछ ।

(ग) गाउँपालिकाको आफ्नो योजनाको कन्टिन्जेन्सी रकम खर्च नभएमा सो रकम आर्थिक वर्षको अन्त्यमा उपदान कोषमा दाखिला गर्न सकिनेछ ।

९. **<u>कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः</u>** गाउँ कार्यपालिकाको वार्षिक स्वीकृत बजेट तथा सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपूरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको सुरुमा एकीकृत रुपमा हिसाब गरी सोको खर्च गरिने क्षेत्रहरुको अध्ययन गरी पूर्वाधार शाखाबाट अनुसूची-१ बमोजिम कन्टिन्जेन्सी खर्चको कार्ययोजना तयार गरी राखिनेछ । तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगै खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

१०. **<u>थपघट, हेरफेर वा संशोधनः</u>** गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

११. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

१२. **<u>यसै बमोजिम भए गरेको मानिनेः</u>** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियाकलापहरू यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)

| क्र.सं. | योजनाको नाम | स्वीकृत रकम | कन्टिन्जेन्सी रकम | खर्च शीर्षक | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**प्रमाणीकरण मितिः** २०८२/०१/०८

**आज्ञाले,**
**सन्तोष राई**
**चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत ।**

चिचिला गाउँपालिका